nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

21°C । वर्ष :११, अंक : १८२ पृष्ठ ४ । मंगलबार २६ फागुन २०८२ । TUESDAY,MARCH 10, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## मधेस प्रदेशमा रास्वपाको दबदबा, ३२ मध्ये ३० सिट कब्जा

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२को मतपरिणाम सार्वजनिक हुँदै जाँदा मधेस प्रदेशको राजनीतिक समीकरणमा ठूलो परिवर्तन देखिएको छ । आठ जिल्लामा फैलिएको प्रदेशका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये ३० सिटमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) विजयी हुँदै ऐतिहासिक सफलता हासिल गरेको छ । यो परिणामले मधेसमा लामो समयदेखि प्रभाव जमाउँदै आएका परम्परागत दलहरूको वर्चस्व कमजोर भएको संकेत गरेको विश्लेषण भइरहेको छ । हालसम्म सार्वजनिक नतिजाअनुसार नेपाली कांग्रेसले एक सिट जितेको छ भने एक निर्वाचन क्षेत्रको परिणाम अझै सार्वजनिक हुन बाँकी छ । धनुषा क्षेत्र नम्बर-१ मा मतगणनासम्बन्धी विवाद भएपछि निर्वाचन आयोगले नतिजा सार्वजनिक गर्न अस्थायी रूपमा रोक लगाएको जनाएको छ । प्रारम्भिक मतगणनामा भने उक्त क्षेत्रमा पनि रास्वपाकै अग्रता रहेको बताइएको छ । परिणामअनुसार सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट र पर्साका अधिकांश क्षेत्रमा रास्वपाले स्पष्ट जित निकालेको छ। विशेषगरी पर्सा, सप्तरी, सिरहा, सर्लाही र महोत्तरीका चारै सिट रास्वपाले जितेको छ । बारामा चारमध्ये तीन सिट रास्वपाले जित्दा एक सिट कांग्रेसले जितेको छ ।
पर्सा जिल्लाका चारै क्षेत्रमा रास्वपा विजयी भएको छ । पर्सा-१ मा बुद्धिप्रसाद पन्त, पर्सा-२ मा सुशील कुमार साह कानु, पर्सा-३ मा

बाँकी अन्तिम पृष्ठमा⇨

## पर्सामा किशोरीमाथि जबरजस्ती करणीको आरोपमा एक जना पक्राउ



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ फागुन ।**

पर्सामा १७ वर्षीया किशोरीमाथि जबरजस्ती करणी गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका-१५ भेडियाही निवासी ५० वर्षीय भुटन साह उर्फ रामजनम साह रहेका छन् । प्रहरीका अनुसार साहले किशोरीमाथि जबरजस्ती करणी गरेको भन्दै उजुरी परेपछि उनलाई खोजी गर्ने अभियान सुरु गरिएको थियो ।

त्यस क्रममा वडा प्रहरी कार्यालय श्रीपुर र प्रहरी चौकी भिष्वाडाँडाबाट खटिएको संयुक्त प्रहरी टोलीले आइतबार राति उनलाई नियन्त्रणमा लिन सफल भएको हो । हाल पक्राउ परेका साहलाई प्रहरी हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । पीडित किशोरीको स्वास्थ्य परीक्षण तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको पनि प्रहरीले जानकारी दिएको छ ।

## बारामा तीन प्रहरी जवानमाथि सर्वसाधारणलाई फोनबाट धम्की दिएको आरोप




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ फागुन ।**

बारामा कार्यरत तीन जना प्रहरी जवानमाथि सर्वसाधारणलाई फोनमार्फत धम्की दिएको आरोप लागेपछि विवाद उत्पन्न भएको छ । घटनापछि स्थानीय स्तरमा प्रहरीको आचरणप्रति प्रश्न उठ्न थालेका छन् । आरोप लाग्नेमा जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत सुजित यादव, आशिष यादव र मोहन यादव रहेका छन् । उनीहरूले आफूहरू प्रहरी निरीक्षक (इन्सपेक्टर) का बडिगार्ड भएको भन्दै सर्वसाधारणलाई धम्क्याउने, धाक देखाउने र दबाब दिने गरेको आरोप सार्वजनिक भएको हो ।
पीडित पक्षका अनुसार फागुन २० गते राति ती तीनै जना प्रहरीले एक व्यक्तिलाई फोन गरी अपमानजनक भाषा प्रयोग गर्दै धम्की दिएका थिए । आफूहरू प्रभावशाली प्रहरी अधिकारीका बडिगार्ड भएको भन्दै डर देखाएर चुप लाग्न दबाब दिएको समेत पीडितले बताएका छन् ।
स्थानीय स्रोतका अनुसार ती प्रहरी जवानहरूले मुद्दा मिलाइदिने नाममा आर्थिक लेनदेन गर्ने, तस्करीमा संलग्न व्यक्तिहरूसँग सम्बन्ध राख्ने तथा सर्वसाधारणमाथि दबाब दिने गतिविधि गर्दै आएको चर्चा लामो समयदेखि चल्दै आएको बताइन्छ । तर प्रहरी संगठनसँग सम्बन्धित विषय भएकाले धेरै पीडित खुला रूपमा बोल्न नसकेको स्थानीयको भनाइ छ ।
उनीहरूले आफ्नो पद र सम्बन्धको दुरुपयोग गर्दै "हामी इन्सपेक्टरका बडिगार्ड हौं, जे पनि गर्न सक्छौं" भन्ने शैलीमा व्यवहार गर्ने गरेको गुनासो समेत आएको छ । यस्तो गतिविधिले प्रहरीप्रति सर्वसाधारणको विश्वास कमजोर हुने चिन्ता व्यक्त गरिएको छ । यस विषयमा जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख तथा प्रहरी उपरीक्षक नरेन्द्र कुवरले घटनाबारे जानकारी आएको र सत्यतथ्य छानबिन गरी दोषी देखिए कडा विभागीय कारबाही गरिने बताएका छन् । उनले प्रहरी संगठनभित्र अनुशासनहीनता सह्य नहुने स्पष्ट पार्दै कसैले प्रहरीको पद वा नामको दुरुपयोग गरी सर्वसाधारणलाई धम्की दिएको प्रमाणित भए कडा कारबाही हुने बताए । घटनाबारे जिल्ला प्रहरी कार्यालयमा कारबाहीको मागसहित निवेदनसमेत परेको जनाइएको छ ।

## बारामा रास्वपाको भारी मत, धेरै उम्मेदवारको जमानत जफत




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ फागुन ।**

बारा जिल्लामा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अत्यधिक मत प्राप्त गरेको छ । जिल्लामा रहेको कुल ४ लाख ६४ हजार ७८४ मतदातामध्ये यसपटक ३ लाख १५ हजार ९६७ मत अर्थात् करिब ६७.८८ प्रतिशत मत खसेको थियो । खसेको मतमध्ये समानुपातिकतर्फ रास्वपाले मात्र करिब १ लाख ७० हजार मत प्राप्त गर्दै करिब ५४ प्रतिशत मत आफ्नो पक्षमा पार्न सफल भएको छ। अन्य दलहरू भने धेरै पछाडि देखिएका छन् । नेकपा (एमाले) ले २६ हजार ४४३ मत प्राप्त गर्दा नेपाली कांग्रेसले करिब ३९ हजार मत ल्याएको छ। त्यसैगरी जसपा नेपालले २६ हजार १९ मत प्राप्त गर्दै चौथो स्थानमा पुगेको छ भने नेकपाले करिब ४ हजार मत मात्रै पाएको छ । प्रत्यक्षतर्फ पनि रास्वपाको प्रभाव देखिएको छ । बाराका चारवटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारले अत्यधिक मतान्तरले जित हासिल गरेका छन्। यस निर्वाचनको अर्को रोचक पक्ष भने धेरै उम्मेदवारको जमानत जफत हुनु हो । बाराका चार निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गरेका कुल ११० उम्मेदवारमध्ये ९९ जनाले जमानत जोगाउन सकेनन् । कानुनी व्यवस्थाअनुसार सदर मतको कम्तीमा १० प्रतिशत मत ल्याउन नसक्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ ।

बाँकी अन्तिम पृष्ठमा⇨

## टिकटकमा ३२ लाख फलोवर्स भएका उमर खानले चुनावमा पाए २४० मत मात्रै



**बीरगन्ज,२५ फागुन ।**

सामाजिक सञ्जाल टिकटकमा लाखौं दर्शकको मन जितेका चर्चित टिकटकर मोहम्मद उमर खानले हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचन २०८२मा निराशाजनक नतिजा सामना गरेका छन् । पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका खानले जम्मा २४० मत मात्रै प्राप्त गरेका छन् । टिकटकमा ठूलो लोकप्रियता भए पनि उनले मतदाताको विश्वास भने जित्न नसकेको निर्वाचन परिणामले देखाएको छ । खानको 'अफिसियल उमरखान२' नामक टिकटक आइडीलाई ३२ लाखभन्दा बढीले पछ्याएका छन् भने उनका भिडियोहरू एक करोड ९४ लाखभन्दा बढी पटक हेरिएका छन् । विशेषगरी ९० को दशकका रोमान्टिक हिन्दी गीत र चर्चित नेपाली गीतहरूमा अभिनय गर्दै उनले सामाजिक सञ्जालमा लोकप्रियता कमाएका हुन् । टिकटकमा मेलिना पन्तसँगको उनको जोडी दर्शकमाझ निकै चर्चित मानिन्छ । तेक्वान्डो खेलमा ४३ स्वर्ण पदक जितिसकेका खान चितवनमा मदरसा विद्यालय सञ्चालन गर्दै आएका छन् । उनले नेपाली फिल्म होस्टेल ३मा भिलेनको भूमिकाबाट अभिनय यात्रा पनि सुरु गरेका थिए । खान राष्ट्र निर्माण दलको तर्फबाट चुनावी मैदानमा उत्रिएका थिए । मुस्लिम आयोगका पूर्वअध्यक्ष समिम मिया अन्सारीको नेतृत्वमा गठन भएको उक्त दलले विभिन्न समुदाय र समूहलाई समेट्ने लक्ष्यसहित आफ्नो राजनीतिक यात्रा सुरु गरेको जनाएको थियो । सो पार्टीको चुनाव चिह्न पानीको बोतल रहेको थियो । उक्त क्षेत्रमा भने राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बुद्धिप्रसाद पन्त २७ हजार २७४ मतसहित विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टी (एमाले)का प्रदीप यादवले १३ हजार ३० मत प्राप्त गरेका छन् ।

## सुशीला कार्कीलाई राष्ट्रपतिमा प्रस्ताव गर्न महावीर पुनको सुझाव



**काठमाडौं,२५ फागुन ।**

प्रतिनिधिसभा सदस्यमा नवनिर्वाचित महावीर पुनले अन्तरिम सरकार प्रमुख सुशीला कार्कीलाई आगामी राष्ट्रपतिका रूपमा प्रस्ताव गरेका छन् । आइतबार सामाजिक सञ्जाल ँबअभदययप मार्फत सार्वजनिक गरेको भिडियो सन्देशमा पुनले देशको वर्तमान राजनीतिक अवस्थालाई ध्यानमा राख्दै कार्कीलाई राष्ट्रपति पदका लागि उपयुक्त व्यक्तित्व भएको बताएका हुन् । हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनको मतगणना जारी रहेको र राष्ट्रिय स्वतन्त्र पार्टीले उल्लेख्य मत प्राप्त गरिरहेको सन्दर्भ उल्लेख गर्दै उनले यस्तो प्रस्ताव अघि सारेका हुन् । पुनका अनुसार वर्तमान राष्ट्रपतिको कार्यकाल समाप्त भएपछि रिक्त हुने पदमा कार्कीलाई जिम्मेवारी दिनुपर्ने धारणा राखेका छन् । पुनले आफ्नो सन्देशमा देश सङ्कटपूर्ण र अस्थिर अवस्थामा रहेका बेला कार्कीले

बाँकी अन्तिम पृष्ठमा⇨

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## युवाको काँधमा देशको अभिभारा

नेपाली समाजको स्थापनाकालदेखिको मूल्यमान्यता, आदर्श, परम्परा र चाहना प्रतिविम्बित यही संस्कृत श्लोकले हामीलाई सत्मार्गमा लाग्न प्रेरित गर्दै आएको छ । यही मान्यतालाई हाम्रा पूर्वजले आत्मसात् गर्दै कहिल्यै कसैको पराधीन नभई स्वतन्त्र र स्वाभिमान राष्ट्रनिर्माण गरी हामीलाई सुम्पिएको यथार्थलाई बिर्सिनु हुँदैन । अब मुलुकलाई समृद्ध, सुशासनयुक्त र भ्रष्टाचारमुक्त बनाउने जिम्मेवारी नेपाली युवाको काँधमा आएको छ । गत भदौमा भएको नवयुवा (जेनजी) पुस्ताले गरेको विद्रोहलाई आमनेपाली जनताले सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनमार्फत अनुमोदन गरेको छन् । युवापुस्ताले बनाएको नयाँ पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मुलुकको सबैभन्दा ठुलो र शक्तिशाली पार्टीका रूपमा स्थापित भएको छ । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाल कम्युनिस्ट पार्टी (नेकपा), मधेशकेन्द्रित दललगायत यस पटकको निर्वाचनमा पराजित भएका छन् । पुराना स्थापित दलहरूको नेतृत्वबाट जनता दिक्क र वाक्क भएर रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहलाई मुलुक चलाउने जिम्मेवारी सुम्पेका हुन् । एकाएक चुनाव जितेर देशको सङ्घीय राजधानी सहर काठमाडौँ महानगरपालिकाको प्रमुख बनेर बालेन चर्चामा आउनुभयो । उहाँले महानगरपालिकालाई तीन वर्षको अवधिमा राम्रा काम गरी सबैको मन जित्न सफल हुनुभयो । युवापुस्ताको ढुकढुकी बन्नुभयो । अब महानगरमा मात्र हो इन, प्रधानमन्त्री बनेर मुलुककै नेतृत्व गर्नु पर्छ भन्ने आवाज उठ्यो । उहाँले महानगरपालिकाबाट राजीनामा दिएर रास्वपाको वरिष्ठ नेता बन्नुभयो । रास्वपाले उहाँलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरी चुनावमा होमियो । उहाँले तत्कालीन प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग चुनावमा प्रतिस्पर्धा गर्ने साहसिक निर्णय लिनुभयो । ओलीको बलियो पकड मानिएको झापा निर्वाचन क्षेत्र नम्बर ५ बाट ३६ वर्षीय युवा बालेनले उहाँसँग प्रतिस्पर्धा गर्ने विषय सर्वाधिक चर्चा बन्यो । चुनाव प्रचारप्रसारको अभियानमा बालेन जहाँ जहाँ पुग्नुभयो, त्यहाँ त्यहाँ अपार जनलहर उर्लियो । उहाँलाई भावी प्रधानमन्त्री बनाउनु पर्छ भन्ने विषयमा आममतदातामा विमति रहेन । फलस्वरूप सम्पन्न आमनिर्वाचनमा एमाले अध्यक्ष ओलीलाई पराजित गर्दै बालेन सांसद निर्वाचित हुनुभयो । उहाँकै लोकप्रियताले रास्वपाले करिब दुई तिहाइ बहुमत ल्याउने चरणमा पुगेको छ । अब यो अपार जनसमर्थनलाई सदुपयोग गरी मुलुकको नेतृत्व गर्न बालेनलाई मार्गप्रशस्त भएको छ ।

निर्वाचन आयोगले मतगणना सकिएलगत्तै अन्तिम परिणाम राष्ट्रपतिसमक्ष पेस गर्ने छ अनि नयाँ सरकार गठन प्रक्रिया सुरु हुने छ । अब रास्वपाको एकल सरकार बन्ने छ । नयाँ बन्ने सरकारले सबैको मन जितेर, सबै पक्षलाई विश्वासमा लिएर मुलुक र मुलुकवासीको समग्र हितमा काम गर्नु पर्छ । सबैको आत्मसम्मान र इज्जत जोगिनु पर्छ । अनाहकमा कसैलाई दुःख दिनु हुँदैन । हामी कसैको पनि गोटी बन्नु हुन्न । हामीले छिमेकी दुई ठुला उदीयमान शक्ति भारत र चीनसित सन्तुलित र पारदर्शी सम्बन्ध राख्दै मुलुकको सर्वोपरि हित प्रवर्धनलाई जोड दिनु पर्छ । दुई छिमेकीलाई विश्वासमा लिएर लगानीको वातावरण बनाउने हो भने नेपाललाई विकसित र समृद्ध बनाउन धेरै समय लाग्ने छैन । हाम्रा मित्र राष्ट्रहरू, दातृ निकाय र विदेशी लगानीकर्ता नेपालप्रति नकारात्मक छैनन् । भ्रष्टाचारमुक्त सुशासनसहितको शान्तिपूर्ण वातावरण बनाएर लगानी सुरक्षाको ग्यारेन्टी गर्ने हो भने विदेशी लगानीको प्रचुर सम्भावना छ । विदेशी लगानी आकर्षित गरी युवा जनशक्तिलाई स्वदेशमै काम गर्ने वातावरण बनाउन सके नेपाललाई छोटो समयमै रूपान्तरण गर्न सकिने छ । युवा शक्तिबिना देश बन्दैन । स्वदेशमा काम गर्ने अवसर नपाएर ६० लाखभन्दा बढी युवाशक्ति मुलुकबाहिर छन् । युवा साथै प्रतिभा दुवै पलायन भएको छ । युवाशक्ति नभएर गाउँघर रित्तिँदै छन् । सामाजिक संरचना खलबलिएको छ । गाउँघरमा बुढाबुढी र केटाकेटीको स्यहारसुसार गर्ने युवाशक्ति छैन । लाजमर्दो कुरा त अहिलेसम्म मुलुक गरिब राष्ट्रका सूचीबाट माथि उठ्न सकेको छैन । आमनागरिकले चाहे जस्तो सुशासन दिन सकिएको छैन । सर्वत्र भ्रष्टाचारी र बिचौलियाको रजगज नै छ । विगतमा विभिन्न कालखण्डमा भएका राम्रा काम पनि ओझेलमा परेका छन् । पुराना जति सबै खराब र नालायक हुन् भन्ने भाष्य बनेको छ, ।

# किन हुन्छ नयाँ शक्तिको उदय?



**राजाराम गौतम**

हामी नेपालीहरुको एउटा साझा चरित्र छ, हामी जति छिटो निरासिन्छौं, हामीलाई उत्साहित हुन पनि बेरै लाग्दैन । आमनिर्वाचन, २०८२ ले निराशा र असन्तुष्टीको जमिनबाट उठाएर ठूलो नागरिक पंक्तिलाई उत्साहित बनाएको छ । यो चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को अभूतपूर्व जीतसंगै यो पंक्तिमा आशा र अपेक्षा कति चाँडै हुर्किन थालेको छ भने, ती 'रामराज्य'को स्वैरकल्पनामा मग्न हुन थालेका छन् । यतिबेला रास्वपा नेपाली समाजको 'परिवर्तनको बाहक' बनेको छ । मान्छेहरु भन्दैछन्, मतदाताले 'परिवर्तन'का लागि 'मौन मत क्रान्ति' गरे । तर, यो मौन मत क्रान्ति हो कि हमेशा नायक खोजीबस्ने दुखी समाजको भावनात्मक आवेग ? अथवा यो नयाँहरुको पक्षमा उर्लेको परिवर्तनको लहर हो कि पुरानाहरुप्रतिको चरम विकर्षणको वेभ ? नवनायकहरुको महिमा मण्डनको होडबाजी चलिरहँदा सायद यी प्रश्न ग्राह्य नहोलान् । यद्यपि सत्य यही हो, रास्वपाको पक्षमा देखिएको अभूतपूर्व जनादेशले न्याय त्योबेला पाउने छ, जुनबेला यो पार्टीले नारामा होइन, कामबाटै परिवर्तनको मुद्दालाई आत्मसाथ गर्न सक्नेछ । निर्वाचनको अन्तिम नतिजा आउन अरु केही दिन लाग्ला । हालसम्मको मतगणना अनुसार, यो पार्टीको पक्षमा प्रस्ट र बलियो बहुमत आउने पक्का भएको छ । उस्तै पर्दा अन्तिम गणनासम्म पुग्दा दुई तिहाई मत प्राप्त गर्ने वा त्यसको नजिक पुग्ने सम्भावना पनि छ । अर्थात् ठूला र ऐतिहासिक पृष्ठभूमि भएका कांग्रेस र कम्युनिष्टहरुलाई पछार्दै रास्वपा सर्वाधिक शक्तिशाली दलका रुपमा उदाएको छ । एकातिर रविले खडा गरेको रास्वपा जसमा उनको सांगठनिक वर्चश्व छ । अर्कोतिर बालेन क्रेजले अभूतपूर्व जीतको उन्मादी लहरमा छ, रास्वपा । यो अवस्थामा रवि-बालेन सम्बन्ध कस्तो रहिरहला भन्ने कुराले अरु धेरै पक्षहरुलाई प्रभावित पार्ने छ ।नेपाली जनमत यो पार्टीको पक्षमा किन यसरी एकोहोरियो ? संगठन र पृष्ठभूमि भएका र ठूला भनिएका दलहरु चुनावी प्रतिस्पर्धामा किन पिंधमै पुग्नेगरी खुम्चिए ? र, किन साढे तीन वर्ष उमेर भएको कलिलो पार्टी तिनको रोजाईमा पर्यो ? के अब शिशु रास्वपा जनताको आशा र अपेक्षामा खरो उत्रन सक्ला ? अब यो पार्टीसामु के-कस्ता चुनौती र अवसर छन् ? वर्तमान राजनीतिक परिदृश्यमा रास्वपाको शक्तिशाली उपस्थितिले यस्ता थुप्रै प्रश्न जन्माएको छ । यो विश्लेषण यिनै प्रश्नमा केन्द्रित रहने छ । नेपाली राजनीतिमा बैकल्पिक शक्तिको खोजी पहिलो पटक भएको होइन । यस्तो खोजी हरेक राजनीतिक परिवर्तनसंगै हुदै आएको छ । हरेक पटक राजनीतिक परिवर्तन हुँदा जनता उत्साहित हुने गरेका छन् । परिवर्तनहरुले आम जनताको जीवनमा आशा र अपेक्षा जगाउँछ पनि । जब ती अपेक्षा पुरा भएको अनुभूति हुदैन, तब असन्तोष र निराशाको जमिन बन्छ । त्यही जमिनमा नयाँ र बैकल्पिक राजनीतिक शक्तिहरुको खोजी शुरु हुन्छ । २००७ सालयताका राजनीतिक घटनाक्रम र परिवर्तनहरु यसका दृष्टान्त हुन् । २००७ सालपछि परिवर्तनको बाहकको रुपमा कांग्रेसको उदय भयो । २०४६ मा प्रजातन्त्र पुनर्स्थापना भएपछि परिवर्तनको बाहकमा कांग्रेससंगै बामपन्थीहरु पनि देखिए । २०६३ को दोस्रो जनआन्दोलनपछि हिंसात्मक राजनीति हुँदै शान्तिपूर्ण संक्रमणबाट माओवादी उदायो । अहिले तिनै परिवर्तनकारी दलहरुको विकल्पमा रास्वपाको पक्षमा लहर आएको छ । रास्वपा २०७९ साल असारमा जन्मिएको पार्टी हो । जन्मेको ६ महिनामै आम निर्वाचनमा होमिएको यो पार्टी त्यतिबेलै पनि चौथो दलका रुपमा संसद्मा उदाएको थियो । अहिले रास्वपाले मारेको छलाङ त्यसैको विस्तारित रुप हो । मुख्यत: रास्वपा पुराना राजनीतिक दलहरुको अकर्मण्यता र अयोग्यताको उपज हो । २०४६ अथवा २०६३ सालका ठूल्ठूला राजनीतिक परिवर्तनपछि सत्ताको 'ड्राइभिङ सिट'मा बसेका कांग्रेस-कम्युनिष्टहरुसंग आमजनताले मुख्यत: चारवटा अपेक्षा गरेका थिए । पहिलो, भ्रष्टाचार नियन्त्रण र सुशासन । दोस्रो, आर्थिक, शैक्षिक अनि भौतिक विकास । तेस्रो, सहज र सुलभ सेवाप्रवाह । चौथो, दलको आन्तरिक लोकतन्त्रसंगै यसको संस्थागत विकास । पटक-पटक सत्तासीन हुने अवसर पाउदा पनि कांग्रेस-कम्युनिष्टहरु यी अपेक्षामा अव्बल त परै जाओस्, पास समेत हुन सकेनन् । बरु, यिनले भ्रष्टाचार बढाए, योग्य र योग्यताभन्दा भागवन्डाको (कु) संस्कृति हुर्काए, पार्टीभित्र स्वस्थ

बाँकी तेश्रो पृष्ठमा⇨

# भ्रष्टाचारले बढाएको सडक दुर्घटना

**दिपेश घिमिरे**

गत फागुन १० गते पोखराबाट काठमाडौं आउँदै गरेको यात्रुवाहक बस धादिङको बेनीघाट, रोराङ गाउँपालिका भैंसीगौंडामा दुर्घटना हुँदा १९ जनाको ज्यान गयो । त्यो केवल अपवादमूलक घटना थिएन । त्यो घटनाको ठीक १३ दिनअघि अर्थात् माघ २७ गते रामेछापमा भएको गाडी दुर्घटनामा १२ जनाको ज्यान गएको थियो । त्यसको पाँच दिनअघि अर्थात् २२ माघमा बैतडीमा भएको बस दुर्घटनामा १३ जनाको मृत्यु भएको थियो । एक महिनाबीचका तीन दुर्घटनामा ज्यान गुमाउनेको संख्या हेर्दा डरलाग्दो तस्बिर सामुन्ने आउँछ । नेपालमा सडक दुर्घटना दिनदिनै बढ्दै गइरहेका छन् । नेपाल प्रहरीको एक तथ्यांकअनुसार, नेपालमा दैनिक औसत ९७ वटा सडक दुर्घटना हुने गरेका छन् भने औसतमा दुर्घटनाकै कारण दैनिक सात जनाको मृत्यु हुने गरेको छ । पछिल्लो १२ वर्षमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या २८ हजारभन्दा बढी छ (हेर्नुहोस् तालिका) । तालिकाले देखाउँछ- सडक दुर्घटना नेपालमा सबैभन्दा गम्भीर स्वास्थ्य संकट बनिसकेको छ । सवारी दुर्घटनाका कारणहरूबारे विभिन्न निकायले अध्ययन पनि गरेका छन् । ट्राफिक व्यवस्थापन महाशाखाले २०७६ मा गरेको एक अध्ययनअनुसार, सडक दुर्घटनाको सबैभन्दा ठूलो कारण चालकको लापरबाही (४३.७ प्रतिशत) रहेको देखाएको थियो । यसैगरी सवारीको अति तीव्र गतिका कारण १८.७, ओभरटेकिङका कारण ९.८, पैदलयात्रुको लापरबाहीले ९.५, मादक पदार्थ सेवन गरी सवारी चलाएर ६.२, सवारीको यान्त्रिक गडबडीले ६.१, ओभरलोडले ५.२, सडक चौपायाका कारण ०.४ र अन्य कारण ०.४ प्रतिशत रहेको देखाएको थियो । यसैगरी प्रतिनिधिसभा विकास तथा प्रविधि समितिले २०७७ सालमा गठन गरेको 'सवारी दुर्घटना न्यूनीकरण अध्ययन उपसमिति'को अध्ययनले सवारीसाधनको यान्त्रिक समस्या, सडकको अवस्था, सवारी चालकको समस्या, कानुन कार्यान्वयनमा भएका समस्याले सवारी दुर्घटना बढिरहेको देखाएको थियो । अध्ययनले देखाएका यस्ता कारणले मात्रै सडक दुर्घटनाको 'समग्र कारण' समेट्न सकेको देखिँदैन । मिहिन रूपमा अध्ययन गर्ने हो भने सडक दुर्घटनाको जरो सडक व्यवस्थापन तथा नियमनकारी निकायहरूमा मौलाएको संरचनागत भ्रष्टाचारसँग पनि गहिरो रूपमा जोडिएको छ । तर, विडम्बना सडक दुर्घटनाको कारणको अध्ययन गर्दा 'भ्रष्टाचार' को सम्बन्धलाई समेट्ने गरिएको छैन ।

**सवारी चालक अनुमतिपत्र : दक्षता होइन, पैसाको खेल**

सडक सुरक्षाको पहिलो सर्त हो- दक्ष, अनुशासित र जिम्मेवार चालक । तर, नेपालमा चालक अनुमतिपत्र (लाइसेन्स) वितरण प्रणाली लामो समयदेखि भ्रष्टाचारको जञ्जालमा जेलिएको छ । कागजमा लिखित परीक्षा, ट्रायल परीक्षण र बायोमेट्रिक प्रक्रिया जति नै कडा देखिए पनि व्यवहारमा 'सेटिङ', दलालको सञ्जाल र आर्थिक लेनदेन व्यापक छ । ट्रायल सेन्टरभित्र र बाहिर खुला रूपमा उपस्थित दलालले असफल भएका परिक्षार्थीलाई पैसा लिएर लाइसेन्स 'मिलाइदिने' परिपाटी व्यापक छ । यो समस्या केवल अनियमिततामा मात्रै सीमित छैन । यसले सडक सुरक्षाको मेरुदण्डमै प्रहार गरिरहेको छ । ट्राफिक संकेत, प्राथमिकता नियम, ओभरटेक गर्ने विधि, आकस्मिक ब्रेक नियन्त्रण, जोखिम पूर्वानुमान जस्ता आधारभूत सीप राम्ररी नजानेका व्यक्तिलाई केही पैसाको लोभमा सवारी चालक अनुमतिपत्र दिएपछि दुर्घटना अनिवार्य जस्तै बन्न पुग्छ । लाइसेन्स प्रक्रियामा भएको भ्रष्टाचार प्रत्यक्ष रूपमा दुर्घटना र मृत्युसँग जोडिएको छ । चालक अनुमतिपत्र वितरण प्रक्रिया, ट्रायल परीक्षा आदिमा घूसको लेनदेन व्यापक छ । एकपछि अर्को लाइसेन्स नक्कली फेला परेपछि त्यस्ता लाइसेन्सको छानबिन गर्न २०८० मंसिर २१ मा यातायात व्यवस्था विभागका निर्देशक मुकेश रेग्मीको संयोजकत्वमा विभाग आफैंले एक छानबिन समिति गठन गरेको थियो । उक्त समितिले किर्ते गरी बनाइएका लाइसेन्सबारे अध्ययन गर्दा २०७२ मंसिरदेखि २०८० सम्म जारी भएकामध्ये १ लाख २ हजार ७ सय ११ वटा लाइसेन्स नक्कली (फर्जी) भेटिएका थिए । ट्रायल फेल भएका, ट्रायल प्रक्रियामा उपस्थितै नभएका व्यक्तिले समेत घूस खुवाएर लाइसेन्स लिएको उक्त अध्ययनले देखाएको थियो । यसक्रममा एकातर्फ १० अर्ब रुपैयाँ बराबरको भ्रष्टाचार भएको थियो भने अर्कोतर्फ ड्राइभिङको आधारभूत सीप नै नभएका व्यक्तिको हातमा लाइसेन्स पुगेको थियो । यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वि.सं. २०७५ मा देशभरका ३४०० सेवाग्राहीमाझ गरेको एक सर्वेक्षणले ३९ प्रतिशत सेवाग्राही उत्तरदाताले यातायात कार्यालयमा काम गराउन बिचौलिया वा कर्मचारीलाई घूस दिनुपर्ने जवाफ दिएका थिए । अझ अख्तियारले यातायात व्यवस्था कार्यालयमा भएका भ्रष्टाचारबारे अनुसन्धान गरी मुद्दा दायर गरेका धेरै घटना छन् । यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुरका ३ जना उपसचिवसहित ३८ जनाविरुद्ध २०७६ सालमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । त्यहाँ १२ सय ८४ जनाको सवारी चालक अनुमतिपत्रको परीक्षा नतिजा फेरबदल गरेको अख्तियारको आरोप थियो । यसैगरी अख्तियारले २०८२ माघ १३ गते यातायात व्यवस्था कार्यालय चाबहिलका प्रमुखसहित १७ जना कर्मचारी र ट्राफिक प्रहरीको २५ थान मोबाइल जफत गरी छानबिन गरेको थियो । चाबहिलका कर्मचारी तथा प्रहरीहरूको मिलेमतोमा ५ देखि १० हजार रुपैयाँ घूस लिई लाइसेन्सको लिखित परीक्षामा फेल भएकालाई पास गराउने गरेको पाइएपछि अख्तियारले उनीहरूको मोबाइल जफत गरेको थियो । यातायात कर्मचारी, ट्राफिक प्रहरी र ड्राइभिङ सेन्टरको सेटिङमा घूस लिएर साढे पाँच हजार लाइसेन्स जारी गरेको अभियोगमा अख्तियारले लुम्बिनी प्रदेशका कानुन सचिवसहित ४४ जनाविरुद्ध यही फागुन १४ गते विशेष अदालतमा मुद्दा दायर गरेको छ । अख्तियारले एक वर्षअघि चार जनालाई नियन्त्रणमा लिएर थालेको अनुसन्धानले नेपालगन्ज यातायात कार्यालयमा संगठित रूपमै सेटिङमा घूस लिएर सवारी चालक अनुमतिपत्र

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## चीनको हतियार निर्यातमा पाकिस्तान प्रमुख



**काठमाडौं,२५ फागुन ।**

पछिल्ला वर्षहरूमा विश्वव्यापी हतियार कारोबारको ढाँचामा उल्लेखनीय परिवर्तन देखिँदै गएको छ । स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री) को नयाँ प्रतिवेदनअनुसार पाकिस्तान चीनबाट हतियार आयात गर्ने सबैभन्दा ठूलो देश बनेको छ ।


सन् २०२१-२५ को अवधिमा चीनले निर्यात गरेको प्रमुख हतियारको करिब ६१ प्रतिशत हिस्सा पाकिस्तानमै पुगेको प्रतिवेदनले देखाएको छ । प्रतिवेदन अनुसार पाकिस्तानको कुल हतियार आयातमध्ये करिब ८० प्रतिशत चीनबाट आएको छ । सन् २०१६-२० को अवधिमा चीनबाट आउने हिस्सा ७३ प्रतिशत रहेको थियो । यो पछिल्लो अवधिमा अझ बढेको देखिन्छ । चीनले यस अवधिमा ४७ देशलाई प्रमुख हतियार आपूर्ति गरे पनि यसको सबैभन्दा ठूलो हिस्सा पाकिस्तानतर्फ गएको तथ्य प्रतिवेदनले औँल्याएको छ । सिप्रीका अनुसार सन् २०१६-२० मा विश्वका प्रमुख हतियार आयातकर्तामध्ये दशौँ स्थानमा रहेको पाकिस्तान सन् २०२१-२५ मा पाँचौं स्थानमा उक्लिएको छ । यी दुई अवधिबीच पाकिस्तानको हतियार आयात ६६ प्रतिशतले बढेको छ । यो विश्वव्यापी कुल हतियार आयातको करिब ४.२ प्रतिशत हिस्सा हो । प्रतिवेदनले दक्षिण एसियामा भारतको अवस्थाबारे पनि उल्लेख गरेको छ । सन् २०२१-२५ मा कुल विश्वव्यापी हतियार आयातको ८.२ प्रतिशत हिस्सा ओगट्दै भारत विश्वको दोस्रो ठूलो हतियार आयातकर्ता बनेको सिप्रीले जनाएको छ । प्रतिवेदन अनुसार भारतको हतियार

आयात मुख्यतः चीन र पाकिस्तानसँगको तनावपूर्ण सम्बन्धका कारण प्रेरित भएको देखिन्छ । यी दुई देशबीचको तनावले समय-समयमा सैन्य झडपको रूप लिने गरेको उल्लेख गर्दै प्रतिवेदनले मे २०२५ मा भारत र पाकिस्तानबीच छोटो समयका लागि भएको द्वन्द्वमा दुवै पक्षले आयातित हतियार प्रयोग गरेको जनाएको छ । यद्यपि पछिल्लो दशकमा भारतको कुल हतियार आयातमा केही गिरावट आएको प्रतिवेदनले देखाएको छ । सन् २०१६-२० र २०२१-२५ को अवधिबीच भारतको हतियार आयात करिब ४ प्रतिशतले घटेको उल्लेख गर्दै यसलाई घरेलु रूपमा हतियार डिजाइन तथा उत्पादन गर्ने क्षमताको विस्तारसँग जोडिएको बताइएको छ । यद्यपि स्वदेशी उत्पादनमा अझै ढिलाइ हुने प्रवृत्ति रहेको प्रतिवेदनले औँल्याएको छ ।

यसका बावजूद भारत अझै धेरै प्रमुख सैन्य प्रणालीका लागि विदेशी आपूर्तिकर्तामाथि निर्भर रहेको सिप्रीले जनाएको छ । प्रतिवेदन अनुसार फ्रान्सबाट १४० लडाकू विमान र जर्मनीबाट छवटा पनडुब्बी खरिद गर्ने भारतको योजना तथा अर्डरहरूले विदेशी स्रोतमा निर्भरता अझै कायम रहने संकेत गर्छन् । पछिल्ला वर्षहरूमा भारतले हतियार खरिदको स्रोत पनि विस्तार गरेको देखिन्छ । परम्परागत रूपमा रुसबाट ठूलो मात्रामा हतियार खरिद गर्दै आएको भारतले अहिले पश्चिमी देशहरूतर्फ झुकाव बढाएको प्रतिवेदनले जनाएको छ । विशेषगरी फ्रान्स, इजरायल र संयुक्त राज्य अमेरिकाबाट खरिद बढेको छ ।

भारतीय हतियार आयातमा रुसको हिस्सा सन् २०११-१५ मा ७० प्रतिशत रहेकोमा सन् २०१६-२० मा ५१ प्रतिशत र सन् २०२१-२५ मा ४० प्रतिशतमा झरेको प्रतिवेदनले उल्लेख गरेको छ । सिप्री आर्म्स ट्रान्सफर कार्यक्रमका वरिष्ठ अनुसन्धानकर्ता सिमोन वेजम्यानका अनुसार चीनको बढ्दो सैन्य क्षमता र यसको रणनीतिक उद्देश्यबारेको चिन्ताले एसिया तथा ओसिनियाका धेरै देशको रक्षा नीतिमा प्रभाव पारिरहेको छ ।

## मध्यपूर्व युद्धका कारण कच्चा तेलको मूल्यमा तीव्र वृद्धि



**काठमाडौं,२५ फागुन ।**

इरानसँगको युद्ध चर्किँदै गएपछि विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढेको छ । सोमबार अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल ११५ डलरभन्दा माथि पुगेको छ, जुन अघिल्लो हप्ताको अन्त्यतिरको मूल्यभन्दा करिब २४ प्रतिशत बढी हो ।

अमेरिकामा उत्पादन हुने वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटीआई) कच्चा तेलको मूल्य पनि प्रति ब्यारेल करिब ११६ डलर पुगेको छ, जुन अघिल्लो मूल्यभन्दा झन्डै २८ प्रतिशतले बढेको हो । मध्यपूर्व क्षेत्रमा जारी युद्धका कारण तेल उत्पादन र ढुवानीमा ठूलो जोखिम उत्पन्न भएपछि विश्व बजारमा तेलको मूल्य ह्वात्तै बढेको हो । विशेषगरी पर्सियन गल्फ क्षेत्रबाट विश्वभर तेल पठाउने प्रमुख समुद्री मार्ग स्ट्रेट अफ होर्मुज अहिले असुरक्षित बनेको छ । यो मार्गबाट दैनिक करिब १५ मिलियन ब्यारेल कच्चा तेल ढुवानी हुने गर्छ, जुन विश्वको कुल तेल आपूर्तिको करिब २० प्रतिशत हो । युद्धका कारण मिसाइल र ड्रोन आक्रमणको खतरा बढेपछि धेरै तेल ट्याङ्करहरू यो मार्ग प्रयोग गर्न डराउन थालेका छन् ।

युद्धका क्रममा तेल तथा ग्यासका संरचनाहरू पनि निशानामा परेका छन् । इजरायलले तेहरानमा रहेको तेल भण्डारण स्थलमा आक्रमण गर्दा चार जनाको मृत्यु भएको इरानी अधिकारीहरूले बताएका छन् । इजरायलले भने ती भण्डारण स्थलहरू इरानको सैन्य प्रयोजनका लागि प्रयोग भइरहेको दाबी गरेको छ । यसबीच इराक, कुवेत र संयुक्त अरब इमिरेट्सले तेल निर्यातमा समस्या देखिएपछि उत्पादन घटाएका छन्, जसले विश्व बजारमा आपूर्ति कम हुने चिन्ता बढाएको छ ।

इरानले दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने गर्छ, जसको ठूलो हिस्सा चीनले खरिद गर्छ । यदि युद्धका कारण इरानको निर्यात प्रभावित भयो भने चीनले अन्य देशबाट तेल खोज्नुपर्ने अवस्था आउन सक्छ, जसले विश्व बजारमा थप दबाब सिर्जना गर्न सक्छ । यसैबीच प्राकृतिक ग्यासको मूल्य पनि केही बढेको छ, यद्यपि तेलको जस्तो ठूलो वृद्धि भने देखिएको छैन ।

तेलको मूल्य तीव्र रूपमा बढेपछि विश्व अर्थतन्त्रमा असर पर्ने चिन्ता बढेको छ । ऊर्जा महँगो हुँदा महँगी बढ्ने र उपभोक्ताको खर्च घट्ने सम्भावना हुन्छ । यसले विश्वका प्रमुख शेयर बजारहरूमा पनि असर परेको छ । जापानको निक्केई २२५ सूचकांक सोमबार ७ प्रतिशतभन्दा बढीले घटेको छ भने अन्य देशका बजारहरूमा पनि गिरावट देखिएको छ । विश्लेषकहरूले तेलको मूल्य लामो समयसम्म १०० डलरभन्दा माथि रहिरहेमा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्न सक्ने चेतावनी दिएका छन् ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

## किन हुन्छ नयाँ ..............

प्रतिस्पर्धा होइन, गुटबन्दीलाई प्रश्रय दिए । सारमा, सत्ता र पदमुखी बन्दै जादा आमजनतामा कांग्रेस-कम्युनिष्टहरुले परिवर्तनको मुद्दा बोक्न नसकेको भाष्य बलियोगरी स्थापित भयो । ढिलै भए पनि हालैसालै कांग्रेसले विद्रोह गरेर नेतृत्व पुस्तान्तरणको अभ्यास थालेको थियो ।

तर, जनताले कांग्रेसको त्यो सुधारलाई बदलिएको भनेर पत्याएनन् । जब परिवर्तनकारी शक्तिहरु यथास्थितिमै रुमलिन्छन्, तब नयाँ शक्तिको उदय हुन्छ । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले २०७० सालमै भनेका थिए 'नेपाली समाज नयाँ चरणमा प्रवेश गरिसकेको छ । अव त्यसलाई नेतृत्व गरेर जान दलहरुले आफ्नो संगठन, नेतृत्व र कार्यशैलीलाई परिवर्तन गरेर लैजान सक्नुपर्छ । त्यो गर्न सकिएन भने नयाँ शक्तिको उदय हुन्छ ।'भट्टराईले माओवादी त्यागेर 'नयाँ शक्ति' बनाउने प्रयत्न गरे । विवेकशील पार्टी, साझा पार्टी, विवेकशील-साझा पार्टी आदि विभिन्न नाममा अरुहरुले पनि नयाँ र बैकल्पिक शक्ति निर्माणको पहल गरेका थिए । रास्वपा तिनै प्रयत्नहरुको पछिल्लो कडी हो । यो पार्टी कुनै राजनीतिक संघर्ष अथवा आन्दोलनको जगमा उदाएको होइन । जनतामा पुराना दलहरुप्रति बढेको निराशा, आक्रोश र अविश्वास यसको मुख्य आधारशीला हो । त्यसमा कुनै बखतका चर्चित टेलिभिजन पत्रकार रवि लामिछानेको राजनीतिक महत्वाकांक्षा पनि मिसिएको छ । २०७९ सालको स्थानीय तह निर्वाचनमा जब स्वतन्त्र प्रत्यासीहरु जस्तो कि, बालेन्द्र शाह, हर्क साम्पाङ लगायतले मेयरमा जित्न थाले, रविभित्र हुर्कंदै गरेको राजनीतिक महत्वाकांक्षा अझ तीव्र भयो । उनले हतारमा पार्टी स्थापनाको घोषणा गरेर चुनावमा गए । साभार ईकान्तिपुर ।

## भ्रष्टाचारले बढाएको.......

वितरण गर्ने गरेको फेला पारेको छ । अख्तियारका अनुसार, गिरोहले लाइसेन्सको वर्गअनुसार घूसको रेट तोकेर अनियमितता गरेका थिए । त्यसमा ट्रक/बस/लरीको २४ हजार, डोजर/रोलर/क्रेन/एक्स्काभेटर तथा मिनिबस/मिनिट्रकको २२ हजार र कार/जिप/भ्यानको १७ हजार घूस लिने गरेका थिए । यसैगरी टेम्पो/अटोरिक्सा र मोटरसाइकलको १२ हजार तथा स्कुटरको १० हजार रहेको अख्तियारको आरोपपत्रमा छ । यातायात कार्यालयले २७ हजार ७ सय ७३ लाइसेन्स जारी गरेकामा परीक्षामा सहभागी २० प्रतिशत परीक्षार्थीलाई घूस लिएर उत्तीर्ण गराएको अख्तियारको दाबी छ । उनीहरूलाई लाइसेन्स दिलाउँदा ८ करोड ४ लाख ३४ हजार ३ सय रुपैयाँ संकलन गरेको अख्तियारले भेटेको थियो । यसैगरी पछिल्लो पाँच वर्षमा यातायात कार्यालयका कर्मचारीहरूले सेवाग्राहीबाट घूस लिँदै गर्दा ५० जनाभन्दा बढी कर्मचारीलाई अख्तियारले रंगेहात पक्राउ गरेको छ । यता ट्रान्सपरेन्सी इन्टरनेसनलका विभिन्न अध्ययनले नेपालको सार्वजनिक यातायातमा रहेको सिन्डिकेटलाई राजनीतिक संरक्षण प्राप्त भ्रष्टाचारको एक स्वरूपको रूपमा उल्लेख गरेका छन् । यसैगरी राष्ट्रिय सतर्कता केन्द्रको एक अध्ययनले यातायात कार्यालयमा दैनिक लाखौं रुपैयाँको गैरकानुनी लेनदेन हुने गरेको देखाएको थियो । सडक दुर्घटनाको ठूलो हिस्सा 'मानव त्रुटि' सँग जोडिएको बताइन्छ । तर, त्यो त्रुटि व्यक्तिगत मात्रै नभई प्रणालीगत कमजोरी हो । यदि राज्य स्वयं सवारी चालकको दक्षताको कठोर मापदण्ड लागू गर्न असफल हुन्छ भने दुर्घटनाको जिम्मेवारी केवल चालक नभई राज्य स्वयं हुन्छ । चालकको त्रुटिभन्दा पहिले लाइसेन्स वितरण गर्ने संरचनामा विद्यमान त्रुटि र त्यहाँ व्याप्त भ्रष्टाचार दुर्घटनाको प्रमुख कारण हो । सवारी चालक अनुमतिपत्र वितरण प्रक्रियामा विद्यमान भ्रष्टाचारले अदक्ष र ट्राफिक नियमको सामान्य ज्ञान नभएका व्यक्तिको हातमा सवारीसाधनको स्टेयरिङ पुगेको छ । यातायात कार्यालयका कर्मचारी र बिचौलियाको खल्ती भरिँदा प्रत्येक वर्ष हजारौं परिवारले आफ्नो सहारा गुमाइरहेका छन्,साभार ईकान्तिपुर ।

# स्वास्थ्य

## के ठूलो स्तनले महिलालाई असहज महसुस गराउँछ ?



'म सधैं काँध झुकाएर हिँड्थें, मेरा स्तन धेरै ठूला छन् भन्ने कुरा नदेखियोस् भनेर । मलाई यो कुरा आज पनि याद छ, किनकि मलाई धेरै लाज लाग्थ्यो' अर्जेन्टिनाको एक विश्वविद्यालयकी प्राध्यापक रैक्वेल भन्छिन् ।

हाल ५२ वर्ष पुगेकी उनले २०१० मा स्तनको आकार घटाउनका लागि 'ब्रेस्ट रिडक्सन सर्जरी' गर्ने निर्णय गरिन् । यो सर्जरीको नतिजाले उनलाई 'स्वतन्त्रताको अनुभव' गरायो, जुन उनले पहिले कहिल्यै महसुस गरेकी थिइनन् । संसारका धेरै ठाउँमा ठूला स्तनलाई आकर्षक मानिन्छ, तर वास्तविकतामा ठूला स्तनले महिलाहरूको स्वास्थ्य र जीवनको गुणस्तरमा धेरै कठिनाइहरू खडा गर्न सक्छ । ठूला स्तनले विभिन्न समस्या निम्त्याउन सक्छन् । जस्तैः निरन्तर ढाड दुखाइ, टाउको दुखाइ, गलत पोस्चर, निद्रामा समस्या र मानसिक स्वास्थ्यसँग सम्बन्धित आदि । यससँगै खेलकुद र व्यायाम पनि प्रभावित हुन्छ । इन्टरनेशनल सोसाइटी अफ एस्थेटिक प्लास्टिक सर्जरीको ताजा तथ्यांक अनुसार, २०२४ ६ लाख ५२ हजार ६७६ ब्रेस्ट रिडक्सन सर्जरी भए । यीमध्ये सबैभन्दा धेरै ब्राजिलमा १ लाख १५ हजार ६४७ स्तन घटाउने सर्जरी भयो ।

त य स प ि छ अमेरिरका अमेरिकामा ६७ हजार ४७८, फ्रान्समा ३८ हजार ७८०, जर्मनीमा ३२ हजार ४७८, टर्कीमा २५ हजार ३३४ र भारतमा २२ हजार ४४ ब्रेस्ट रिडक्सन सर्जरी भए । किशोरावस्थादेखि नै ठूला स्तनका कारण निरन्तर ढाड दुखाइ भोग्नुपरेको अर्जेन्टिनाकी प्राध्यापक रैक्वेलले सुनाछिन् । उनका अनुसार अर्जेन्टिनामा ठूला स्तनहरूलाई प्रायः एक प्रकारको वरदान मानिन्छ । 'धेरैजसो मानिसहरू, विशेष गरी महिलाहरू भन्थे तपाईं धेरै भाग्यमानी हुनुहुन्छ' रैक्वेल भन्छिन्, 'तर उनीहरूले भनेजस्तो म भाग्यमानी थिइनँ । मैले धेरै पीडा भोगें । मैले किशोरीको रूपमा दुःख भोगें, महिलाको रूपमा र आमाको रूपमा पनि ।' वास्तवमा आफ्नो शरीर लुकाउनका लागि उनी जसरी हिँड्थिन्, त्यसैका कारण आज पनि उनलाई ढाड दुखाइको समस्या भइरहन्छ । एक सक्रिय व्यक्ति भएको नाताले, रैक्वेललाई योगा, पिलाटेस र जिम जान मन पर्थ्यो । तर ठूला स्तनको बोझले उनलाई आफ्ना मनपर्ने गतिविधिहरूमा भाग लिनबाट वञ्चित हुन बाध्य पार्थ्यो । ब्रिटिश एसोसिएसन अफ एस्थेटिक प्लास्टिक सर्जन्सकी अध्यक्ष डाक्टर नोरा न्यूजेन्टका अनुसार स्तन रिडक्सन सर्जरी गराउने आउने महिलाहरूमध्ये सबैजसोले ठूला स्तन हुँदा आफूलाई हिँड्न, चल्न र व्यायाम गर्न समस्या भएको बताउने गर्छन् ।

डाक्टर न्यूजेन्ट भन्छिन्, 'व्यावहारिक दृष्टिकोणबाट हेर्दा ठूला स्तन भारी हुन्छन्, त्यसैले तिनले शरीरलाई अगाडि तान्छन् । यसले ढाड र घाँटीमा निरन्तर दबाब बढाउँछ । व्यायाम गर्न असहज बनाउँछ, र सही सपोर्ट दिने गरी फिट ब्रा खोज्न पनि धेरै गाह्रो हुन्छ ।' रैक्वेललाई आफ्नो छाती सम्हाल्नका लागि 'दुई वा तीन' ब्रा एकैसाथ लगाउनुपर्थ्यो र आफ्नो साइजको ब्रा खोज्नु उनका लागि अलग प्रकारको आर्थिक बोझ पनि बनेको थियो । 'अर्जेन्टिनामा ठूला स्तनका लागि मिल्ने ब्रा धेरै महँगो हुन्छन्' उनी भन्छिन्, ' ब्रेस्ट रिडक्सन सर्जरी पछि मलाई स्वतन्त्रता महसुस भयो ।'

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, कालिकामाई, पर्सा

## मातृका यादवलाई विजयी घोषणा गरी प्रमाणपत्र दिन नेकपाको माग



**काठमाडौ,२५ फागुन ।** धनुषा निर्वाचन क्षेत्र नम्बर १ को मतगणना र परिणाम घोषणाको विषयलाई लिएर नेपाली कम्युनिस्ट पार्टीले निर्वाचन आयोगको कार्यशैलीप्रति कडा आपत्ति जनाएको छ । आफ्ना उम्मेदवार मातृकाप्रसाद यादवले सर्वाधिक मत प्राप्त गरी विजयी भइसकेको अवस्थामा पनि आयोगले निर्वाचित भएको प्रमाणपत्र उपलब्ध नगराएको भन्दै नेकपाले यसलाई स्थापित कानुनी विधि र प्रक्रियाको ठाडो उल्लङ्घन भनेको छ । पार्टीका केन्द्रीय कार्यालय सचिव गोविन्द आचार्यले एक विज्ञप्ति जारी गर्दै निर्वाचन आयोग जस्तो संवैधानिक निकाय कुनै पनि राजनीतिक दबाबमा पर्न नहुने र विधिको शासनलाई अक्षुण्ण राख्नुपर्नेमा जोड दिनुभएको छ । विवादको चुरो राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेजीसँग जोडिएको छ । निर्वाचन आयोगले गत फागुन १८ गते निर्वाचन ऐन, २०७४ बमोजिम साहको उम्मेदवारी बदर गर्ने निर्णय गरेको थियो । आयोगकै फागुन २२ गतेको निर्देशनअनुसार सबै उम्मेदवारका प्रतिनिधिहरूको रोहबरमा मतगणना सम्पन्न भई यादवको जित सुनिश्चित भइसकेको भए तापनि प्रमाणपत्र वितरणमा आलटाल हुनुले गम्भीर संशय पैदा गरेको नेकपाको ठहर छ । आयोगले भने उम्मेदवारी खारेजी विरुद्ध साहले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा विचाराधीन रहेकाले तत्काल आधिकारिक नतिजा सार्वजनिक गर्न नसकिएको संकेत गरेको छ । नेकपाले भने कानुनी रूपमा उम्मेदवारी नै नरहेको व्यक्तिको विषयलाई लिएर विजयी उम्मेदवारको प्रमाणपत्र रोक्नु न्यायसंगत नहुने तर्क अघि सारेको छ । रास्वपाका उम्मेदवारले धेरै मत पाएको देखिए पनि उम्मेदवारी खारेज भइसकेकाले कानुनी रूपमा यादव नै पहिलो स्थानमा रहेको दाबी विज्ञप्तिमा गरिएको छ ।

## महोत्तरीमा प्रतिनिधिसभा निर्वाचनमा झण्डै २० हजार मत बदर

**महोत्तरी,२५ फागुन ।** प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ अन्तर्गत महोत्तरी जिल्लामा प्रत्यक्षतर्फ झण्डै २० हजार मत बदर भएको तथ्यांक सार्वजनिक भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम प्रतिवेदनअनुसार जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा गरी कुल १९ हजार ९३५ मत बदर भएको हो। मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीका अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा तीन हजार ९५४ मत बदर भएको छ।

त्यसैगरी निर्वाचन क्षेत्र नम्बर २ मा पाँच हजार ४४९, निर्वाचन क्षेत्र नम्बर ३ मा पाँच हजार १० तथा निर्वाचन क्षेत्र नम्बर ४ मा पाँच हजार ५२२ मत बदर भएको छ । महोत्तरीमा कुल चार लाख ३१ हजार २८२ मतदाता रहेका थिए। तीमध्ये प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ मा दुई लाख ६१ हजार ३४६ जनाले मतदान गरेका थिए, जुन कुल मतदाताको ६०.५९ प्रतिशत हो।

खसेको मतमध्ये दुई लाख ४१ हजार ४११ मत अर्थात् ९२.३७ प्रतिशत मत सदर भएको छ भने १९ हजार ९३५ मत अर्थात् ७.६२ प्रतिशत मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

### मधेस प्रदेशमा..........

रमाकान्त प्रसाद चौधरी र पर्सा-४ मा टेकबहादुर साखे विजयी भएका छन् । त्यसैगरी बारामा गणेश भिमल, चन्दन कुमार सिंह र अरविन्द साह रास्वपाबाट विजयी भएका छन् भने बारा-४ मा रहबर अन्सारीले जित हात पारेका छन्। सप्तरी, सिरहा, सर्लाही र महोत्तरीका सबै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी भएका छन् । यस क्रममा उपेन्द्र यादव, गगन थापा, नारायणकाजी श्रेष्ठ र गिरिराजमणि पोखरेलजस्ता स्थापित नेताहरू समेत पराजित भएका छन्। रौतहटमा भने चारमध्ये एक सिट मोहम्मद फिरदौस आलमले नेपाली कांग्रेसबाट जितेका छन् भने अन्य तीन सिट रास्वपाले जितेको छ। विश्लेषकहरूका अनुसार रवि लामिछाने नेतृत्वको रास्वपाले मधेसमा पहिलो पटक व्यापक जनसमर्थन प्राप्त गर्दै प्रदेशको राजनीतिक शक्ति सन्तुलनलाई नयाँ दिशातर्फ मोडेको संकेत दिएको छ। धनुषा-१ को अन्तिम परिणाम सार्वजनिक भएपछि मधेस प्रदेशको पूर्ण राजनीतिक चित्र अझ स्पष्ट हुने अपेक्षा गरिएको छ।

### बारामा रास्वपाको....

जमानत जफत हुने उम्मेदवारमा एमाले, कांग्रेस, नेकपा, जसपा नेपाल, जनमत, आम जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक, श्रम संस्कृति, उज्यालो नेपाल पार्टी तथा परिवर्तन नेपाल लगायतका दलका उम्मेदवारसमेत रहेका छन्। मधेस केन्द्रित तथा ठूला दलका उम्मेदवारले समेत आवश्यक मत ल्याउन नसकेका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार बारा-१ मा २० उम्मेदवारमध्ये १७ जनाको जमानत जफत भएको छ। बारा-२ मा २९ उम्मेदवारमध्ये २६ जनाले जमानत जोगाउन सकेनन्। त्यस्तै बारा-३ मा २४ उम्मेदवारमध्ये २२ जनाको जमानत जफत भएको छ भने बारा-४ मा ३७ उम्मेदवारमध्ये ३४ जनाले जमानत गुमाएका छन्। जिल्ला निर्वाचन अधिकृत नविन चौधरीका अनुसार यसपटकको निर्वाचन परिणामले बारामा नयाँ राजनीतिक प्रवृत्ति देखिएको छ।

### सुशीला कार्कीलाई....

सक्षम नेतृत्व देखाएको उल्लेख गरे। धेरैले आशंका व्यक्त गरे पनि उनले सफलतापूर्वक निर्वाचन सम्पन्न गराएको भन्दै त्यसलाई उदाहरणीय नेतृत्वको रूपमा उनले व्याख्या गरेका छन्।


**तनाव व्यवस्थापनमा परिवारको भूमिका**

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।
- घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

**आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।**


नेपाल सरकार
विज्ञापन बोर्ड


## झापा-५ मा केपी ओलीलाई हराएका बालेन शाहको चुनावी खर्च १४ लाख



**काठमाडौ,२५ फागुन ।** झापा-५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहले आफ्नो चुनावी खर्चको विवरण निर्वाचन आयोगमा बुझाएका छन् । उनले सोमबार आयोगमा पेश गरेको विवरणअनुसार आफ्नो चुनावी अभियानमा कुल १४ लाख १७ हजार २८९ रुपैयाँ खर्च भएको उल्लेख गरेका छन्। शाहका अनुसार सबैभन्दा बढी खर्च चुनावी प्रचार-प्रसार अन्तर्गत गरिएको घरदैलो अभियानमा भएको छ । उनले १५ दिनसम्म सञ्चालन गरेको वडास्तरीय घरदैलो कार्यक्रममा मात्र करिब ५ लाख ८० हजार रुपैयाँ खर्च भएको विवरणमा उल्लेख गरेका छन्। यस्तै, सबैभन्दा कम खर्च उम्मेदवारी दर्ता गर्दा भएको देखिएको छ । उम्मेदवारी दर्ताका लागि उनले करिब १० हजार रुपैयाँ मात्रै खर्च गरेको बताएका छन्। झापा-५ मा भएको प्रतिस्पर्धामा शाहले पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीलाई करिब ५० हजार मतान्तरले पराजित गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्।

## रवि लामिछानेको मुद्दा फिर्ता विरुद्धको मुद्दा "हेर्न नभ्याइने"मा



**काठमाडौ,२५ फागुन ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि सहकारी ठगीसँगै दायर भएको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दाको अभियोग पत्र फिर्ता विरुद्धको रिट 'हेर्न नभ्याइने' मा राखिएको छ । महान्यायाधिवक्ता भण्डारीको निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, कानुनका विद्यार्थी आयुष बडाल र युवराज पौडेल सफलले दायर गरेको रिट सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासमा सुनुवाइका लागि पेसी तोकिएको थियो । उक्त रिट पेसी सूचीको झ क्रम सङ्ख्यामा रहेकोमा इजलासले ज क्रमसंख्याबाट 'हेर्न नभ्याइने' सूचीमा राखेको हो । महान्यायाधिवक्ता सविता भण्डारीले लामिछानेमाथि विभिन्न जिल्लामा विचाराधीन रहेको सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा संशोधन गर्न जिल्ला सरकारी वकिल कार्यालयलाई निर्देशन दिएकी थिइन् । सो विरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो । महान्यायाधिवक्ता भण्डारीले पुस ३० गते सदर गरेको ७ पृष्ठ लामो 'टिप्पणी र आदेश' मा लामिछानेलाई सहकारी ठगीमा मात्र मुद्दा चलाउने र अन्य दुई गम्भीर प्रकृतिका मुद्दा हटाउन जिल्ला सरकारी वकिल कार्यालयहरूलाई निर्देशन दिइएको थियो । महान्यायाधिवक्ता भण्डारीले दिएको निर्देशन अनुसार कास्की र रुपन्देही जिल्ला अदालतमा निवेदन पेस भए पनि सर्वोच्चमा मुद्दा विचाराधीन रहेका कारण सुनुवाइ हुन सकेको छैन । महान्यायाधिवक्ता कार्यालयको निर्देशन अनुसार काठमाडौं र पर्साका सरकारी वकिल कार्यालयले भने लामिछानेसहितको अभियोग पत्र संशोधनका लागि जिल्ला अदालतमा निवेदन दिएका छैनन् । सुरुवाती अभियोगमा लामिछानेविरुद्ध सहकारी ठगीको अभियोग मात्रै थियो । तत्कालीन सरकारले पूरक मुद्दा लगेर सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको अभियोग पनि थपेको थियो । महान्यायाधिवक्ता कार्यालयले सहकारीबाट गैरकानुनी रूपमा रकम निकाल्ने र गोर्खा मिडियामा पठाउने कार्यमा संलग्न रहेका अन्य सञ्चालक र निर्णयकर्ताहरू नै मुख्य जिम्मेवार हुन् भनेको छ ।

लामिछानेको हकमा कम्पनीमा आएको रकम खर्च गर्ने भूमिका मात्र देखिएकाले उनलाई सङ्गठित अपराधको घेरामा राख्नुभन्दा सहकारी ठगीको दायरामा मात्र राख्नु उपयुक्त हुने निष्कर्ष महान्यायाधिवक्ता कार्यालयले निकालेको हो । विशेष छानबिन समितिको प्रतिवेदन अनुसार थप ठोस एवं अनुसन्धान बिना २०८१ पुस ६ मा सुरु अभियोग पत्र दायर गर्दा कायम गर्दा प्रतिवादीहरूको हकमा नदेखिएको एवं नउठेको विषय सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर थप गरिएको र मिति २०८१ पुस ७ मा सुरु अभियोग पत्र र थप अभियोगपत्रमा प्रतिवादी कायम नगरिएका व्यक्तिहरू उपर र सहकारी संस्थामा कार्यरत नरहेका व्यक्तिलाई सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा लगाए देखिएको भन्दै अभियोग पत्र संशोधनका लागि जिल्ला सरकारी वकिल कार्यालय कास्कीले अदालतमा निवेदन दिएको थियो ।


**भुमिसुधार तथा मालपोत कार्यालय पर्साको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त वादी जिल्ला पर्सा साविक गा.वि.स. बगही बाड नं. ७ हाल विरगंज म.न.पा. बड़ा नं. २८ बस्ने जमुना राउत कुर्मीले मेरो नाम दर्ताको जिल्ला पर्सा गा.वि.स. बगही वाड नं. ६ किता नं. ३८१ क्षेत्रफल ०-०-१७-जग्गाको श्रेस्ता कायम गरि पाउँ भनी द.नं. १६९७७ मिति २०८२/१०/२८ को माग निवेदनसाथ नागरिकता प्रमाण पत्र, वीरगंज म.न.पा. २८ नं. वडा कार्यालय, बगही पर्साको च.नं. ४७३ मिति २०८२/१०/२७ को हकभोग सम्बन्धी सिफारिस पत्र, फिल्डबुक/प्लट रजिष्टर, र.नं. २७३० मिति २०५२/०९/१९ को पारित हालैको बकस पत्र पारित लेखतको नक्कल समेत संलग्न गरि पेश गर्नु भएकोमा दावि उक्त किता नं. ३८१ जमुना राउत कुर्मीको नाममा मोठ श्रेस्ता खोज तलास गर्दा फेला नपरेको निजको नाउँमा रोक्का छैन भनी प्रमाणित मोठ रोक्का भिडी आएकोले माग बमोजिमका उक्त दावी किताको हकभोग सहित सरकारी सार्वजनिक जग्गाबारे सम्पूर्ण व्यहोरा खुलाई जमुना राउत कुर्मीको नाममा श्रेस्ता कायम हुनु नपर्ने भए यो सूचना प्रकाशन भएको बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित उजुर दाबी गर्न आउनु होला म्याद भित्र दावी विरोध नपरेमा कानुन बमोजिम हुनेछ ।

| दर्तावाला | जिल्ला | गा.वि.स | वडानं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| जमुना राउत कुर्मी | पर्सा | बगही | ६ | ३८१ | ०-४-१७-० |



निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहामैनपुर गाँउपालिकाको कार्यालय, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जगरनाथपुर गाँउपालिकाको कार्यालय,पर्सा